# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

*Ref.* Press Release – 31/023-5

### विज्ञप्ति

गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्को डोमेन www.nrna.org सँग मिल्दोजुल्दो हुने गरी केही समूहले भ्रम सृजना गर्दै सदस्यता वितरणको नाममा अनधिकृत गतिविधिहरु गरेको पाइएकोले उक्त गतिविधिप्रति संघकोगम्भीर ध्यानाकर्षण भएको छ ।

गैरआवासीय नेपाली संघको डोमेन www.nrna.org संचालनमा छ र केन्द्रीय पदाधिकारी, सदस्यहरु तथा राष्ट्रियसमन्वय परिषदका अध्यक्ष तथा महासचिवले समेत संस्थागत (nrna.org) इमेल खाता सञ्चालन गर्दै आउनु भएको छ । सदस्यता सम्बन्धमा, गैरआवासीय नेपाली संघकोविधान अनुसार (Management Information System (MIS) प्रणालीबाट स्वीकृत सदस्यता मात्रै वैधानिक हुने भएकोले उक्त प्रणालीमार्फत नै सदस्यताका लागि आवश्यक प्रक्रिया पूरा गर्नुहुन अनुरोध गरिन्छ । अन्य कुनै पनि अनधिकृतमाध्यमबाट संकलित विवरणहरूको प्रयोगले व्यक्तिगत गोपनीयता भंग हुनसक्ने, व्यक्तिगत विवरण दुरुपयोगको सम्भावना रहन सक्ने तथा गैरकानूनी गतिविधिहरूमा संलग्नहुनसक्ने जोखिम हुनसक्ने, हुँदा सचेत रहन अनुरोध गरिन्छ ।
यसका साथै, गैरआवासीय नेपाली संघका राष्ट्रिय समन्वय परिषदहरुको निर्वाचन र महाधिवेशनको मिति संघकोविधान अनुसार, गैरआवासीय नेपाली संघका विभिन्न राष्ट्रिय समन्वय परिषद्हरुको निर्वाचन MIS प्रणालीमार्फत आगामी जुलाई २०२५ भित्र सम्पन्न गरिने र संघको १२औं महाधिवेशन ११अक्टोबर २०२५ देखि सुरू हुने निश्चित गरिएको जानकारी गराइन्छ ।

अन्त्यमा, संघ सम्बन्धी अधिकारिक सूचना चाहिएमा वा विस्तृतजानकारीको लागि info@nrna.org मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

संघ सम्बन्धी अधिकारिक सूचना प्राप्त गर्ने स्रोत
फोन नम्बर : 977-01-4511530 / 977-01-4526005
इमेल info@nrna.org
फेसबुक : https://www.facebook.com/NRNAOfficial

गौरी राज जोशी
महासचिव